# सुदूरपश्चिम विश्वविद्यालय

## शिक्षाशास्त्र सङ्काय

## प्राविधिक तथा व्यवसायिक शिक्षक शिक्षामा स्नातक कार्यक्रम (B.TVTE)

## पूर्व सिकाइको मान्यता (RPL) सम्बन्धी निर्देशिका, २०८२

**प्रस्तापना:** प्रशिक्षक वा प्रशिक्षार्थी प्रशिक्षकहरूले शिक्षण अनुभव, तालिम, कार्यशाला र व्यावसायिक अभ्यासका माध्यमबाट प्राप्त गरेका सान्दर्भिक पूर्व सिकाइलाई शैक्षिक स्तरमा कुनै सम्झौता नगरी मान्यता प्रदान गर्न र त्यस्तो सिकाइलाई पाठ्यक्रमको सिकाइ उपलब्धिसँग मिलान गरी मूल्याङ्कन तथा प्रमाणीकरण गर्ने प्रक्रियालाई व्यवस्थित बनाउन सुदूरपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र संकायले यो निर्देशिका जारी गरेको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (क) यस निर्देशिकाको नाम **"पूर्व सिकाइको मान्यता (RPL) गणना तथा मूल्याङ्कन निर्देशिका (Recognition of Prior Learning (RPL) Calculation and Assessment Guideline), २०८२** रहनेछ। (ख) यो निर्देशिका प्राज्ञिक परिषदबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) **RPL** भन्नाले शिक्षण अनुभव, तालिम वा कार्यशालाबाट प्राप्त पूर्व सिकाइको मान्यता दिने प्रक्रिया सम्झनु पर्दछ।

(ख) **सङ्काय** भन्नाले सुदूरपश्चिम विश्वविद्यालयको शिक्षाशास्त्र सङ्काय सम्झनु पर्दछ।

(ग) **समिति** भन्नाले RPL मूल्याङ्कन समिति सम्झनु पर्दछ।

(घ) **क्रेडिट** भन्नाले पाठ्यक्रमको लागि तोकिएको शैक्षिक भार सम्झनु पर्दछ।

(ङ) **वैधता प्रतिशत (Validity Percentage)** भन्नाले RPL मा दाबी गरिएको अनुभव, तालिम वा सेमेस्टर कति प्रतिशतसम्म सम्बन्धित शैक्षिक कार्यक्रमको पाठ्यवस्तु, सिकाइ उपलब्धि (Learning Outcomes) र स्तरसँग मिल्छ भन्ने मापन सम्झनु पर्छ।

३. **RPL को उद्देश्यः** Recognition of Prior Learning (RPL) को उद्देश्य शिक्षार्थील संगठित संस्था वा अनौपचारिक (Non-formal) संस्था र विश्वविद्यालयको औपचारिक कक्षा बाहिरबाट प्राप्त गरेको ज्ञान, सीप र अनुभवलाई व्यवस्थित रूपमा मूल्याङ्कन र प्रमाणिकरण गरी शैक्षिक मान्यता प्रदान गर्नु हो। RPL ले शिक्षण अनुभव, तालिम, कार्यशाला तथा  पेशागत अभ्यासबाट प्राप्त सिकाइलाई विश्वविद्यालयको पाठ्यक्रमसँग तुलना गरेर उपयुक्त क्रेडिट प्रदान गर्ने व्यवस्था गर्दछ। RPL ले शैक्षिक गुणस्तरमा कुनै सम्झौता नगरी समानता र पहुँच सुनिश्चित गर्न मद्दत  गर्दछ।

**परिच्छेद २**

**RPL मान्यताका आधारहरू**

४. **पूर्व सिकाइको मान्यता:** (क) आवेदक वा विद्यार्थीको शिक्षण अनुभव, तालिम, कार्यशाला र व्यावसायिक अभ्यासलाई मान्यता दिइनेछ। (ख) RPL लाई स्वतः क्रेडिट ट्रान्सफर (Automatic Credit Transfer) को रूपमा लिइने छैन। (ग) सबै पूर्व सिकाइको मूल्याङ्कन, प्रमाणीकरण र पाठ्यक्रमको सिकाइ उपलब्धिसँग मिलान (Mapping) गरी सो पूर्व सिकाइ विश्वविद्यालयबाट तोकिएका शैक्षिक गुणस्तरका मापदण्डहरु पूरा भएको सुनिश्चित गरिनेछ।

५. **क्रेडिटको सीमा र श्रेणी:** (क) RPL मार्फत प्राप्त हुने अधिकतम क्रेडिटको सीमा (Cap Rule) तोकिए बमोजिम हुनेछ। (ख) मान्यता दिइने पूर्व सिकाइका श्रेणीहरू तोकिए बमोजिम हुनेछन्।

**परिच्छेद ३**

**सिकाइ घण्टा गणना र रूपान्तरण**

६. **अधिकतम क्रेडिट सीमा** (Cap Rule): Bachelor of Education (B.Ed.) कार्यक्रमको कुल क्रेडिट १२० रहने व्यवस्था अनुसार RPL बाट अधिकतम ४० प्रतिशत मात्र क्रेडिट प्रदान गर्न सकिनेछ। यस आधारमा कुनै पनि विद्यार्थीलाई RPL मार्फत अधिकतम ४८ क्रेडिटभन्दा बढी दिन पाइने छैन। यदि गणनाका आधारमा प्राप्त क्रेडिट यो  सीमाभन्दा बढी भएमा अन्तिम स्वीकृत क्रेडिट सीमा भित्र समायोजन गरिनेछ।

७. **सिकाइ घण्टा गणनाको मापदण्ड:** (क) **शिक्षण अनुभवको हकमा:** १ वर्षको पूर्णकालीन शिक्षणलाई

१८० कार्यदिन मानिने छ। दैनिक ५ देखि ६ घण्टाको आधारमा वार्षिक ९६० सिकाइ घण्टा गणना गरिनेछ। (ख) **तालिम वा कार्यशालाको हकमा:** प्रमाणपत्र वा आधिकारिक अभिलेखमा उल्लेख भए अनुसारको वास्तविक सम्पर्क घण्टा (Contact Hours) लाई आधार मानिनेछ।

८. **RPL अन्तर्गत समावेश हुने सिकाइका क्षेत्रहरू:** (क) RPL मूल्याङ्कन गर्दा शिक्षण अनुभव, सेवासंग सम्बन्धित तालिम, विषयगत वा पेशागत कार्यशाला र शिक्षकले तयार गरेका शैक्षिक सामग्री तथा अन्य पेशागत गतिविधिहरूबाट प्राप्त सिकाइलाई समेटिनेछ। (ख) यस्ता सबै सिकाइहरू B.Ed. पाठ्यक्रमका सिकाइ उपलब्धिसँग सम्बन्धित र प्रमाणयोग्य हुनुपर्ने छ।

९. **वैधता प्रतिशत (Validity Percentage) को प्रयोग**: (क) सबै सिकाइ घण्टालाई सिधै क्रेडिटमा रूपान्तरण नगरी त्यसको गुणस्तर, सान्दर्भिकता र स्तरका आधारमा निश्चित प्रतिशत मात्र मान्य गरिनेछ। (ख) शिक्षण अनुभवका लागि सामान्यतया २० देखि ३० प्रतिशत, प्रमाणित तालिमका लागि ७० देखि ८० प्रतिशत, कार्यशालाका लागि ६० देखि ७० प्रतिशत र पेशागत उत्पादनका लागि ४० देखि ६० प्रतिशतसम्म वैधता प्रतिशत लागू गरिनेछ। (ग) यसको गणना सिकाइ उपलब्धि (Learning Outcomes) को मिलान, विषयवस्तुको म्यापिङ (Course content mapping) र दक्षता मूल्याङ्कन (Competency assessment) बाट निकालिने छ।

**१०. क्रेडिट रूपान्तरण विधि**: (क) मान्य ठहरिएका सिकाइ घण्टालाई १६ ले भाग गरी क्रेडिट गणना गरिनेछ। उदाहरणका लागि २४ मान्य सिकाइ घण्टा भएमा त्यसलाई १६ ले भाग गर्दा १.५ क्रेडिट प्राप्त हुनेछ। (ख) यसरी प्राप्त क्रेडिट प्रारम्भिक गणना मात्र मानिनेछ। (ग) सिकाइ घण्टालाई क्रेडिटमा रूपान्तरण गर्न देहायको सूत्र प्रयोग गरिनेछ:

$$\text{Total Credit} = \frac{\text{Total Learning Hours} \times \text{Validity Percentage}}{\text{Hours per Credit}}$$

**११. गुणस्तर समायोजन र रूपान्तरण:** (क) प्राप्त सिकाइ घण्टालाई गुणस्तर समायोजन (Quality Adjustment) गर्न निश्चित प्रतिशत कायम गरिनेछ। (ख) समायोजित घण्टालाई क्रेडिट रूपान्तरण सूत्र (Credit Conversion Formula) प्रयोग गरी शैक्षिक क्रेडिटमा बदलिनेछ।

*(द्रष्टव्य: क्रेडिट गणना सम्बन्धी उदाहरण सहित विस्तृत प्रकृया तथा सूत्र अनुसूची १, २ र ३ मा राखिएको छ।)*

## परिच्छेद ४

## मूल्याङ्कन प्रक्रिया र समिति

**१२. RPL मूल्याङ्कन प्रक्रिया :** (क) RPL को मूल्याङ्कन विश्वविद्यालयद्वारा गठन गरिएको RPL मूल्याङ्कन समितिबाट गरिनेछ। (ख) यसको सदस्य सचिव कार्यक्रम संयोजक रहनेछन्।

**१३. मूल्याङ्कनका विधिहरू :** मूल्याङ्कनको क्रममा समितिले आवश्यकता अनुसार देहायका विधिहरू अपनाई मूल्याङ्कन गर्नेछ: (क) पोर्टफोलियो पुनरावलोकन (Portfolio Review)। (ख) कागजात प्रमाणीकरण (Document Verification)। (ग) आवश्यक परेमा लिखित परीक्षा। (घ) अन्तर्वार्ता वा मौखिक परीक्षा। (ङ) शिक्षण अभ्यास प्रदर्शनको प्रत्यक्ष अवलोकन (Direct observation of Practice Teaching Demonstration)। (च) पेशागत छलफल (Professional discussion)

## परिच्छेद ५

## विविध

**९. क्रेडिट स्वीकृति र बाँकी आवश्यकता:** (क) समितिको सिफारिसका आधारमा क्रेडिट स्वीकृत गरिनेछ। (ख) RPL बाट प्राप्त क्रेडिट बाहेक सम्बन्धित तह पुरा गर्न आवश्यक पर्ने बाँकी क्रेडिट विद्यार्थीले पुरा गर्नुपर्नेछ।

**१०. प्राज्ञिक निष्ठा:(क)** RPL प्रक्रियामा संलग्न प्रशिक्षक र पदाधिकारीले प्राज्ञिक निष्ठाको पालना गर्नुपर्नेछ। (ख) कुनै गलत विवरण पेश गरेको पाइएमा मान्यता रद्द गरिनेछ।

**११. संशोधन सम्बन्धी व्यवस्था**: (१) यस निर्देशिकामा व्यवस्था गरिएका प्रावधानहरू संशोधन गर्नु परेमा शिक्षाशास्त्र संकायको डीनको सिफारिसमा सुदूरपश्चिम विश्वविद्यालय प्राज्ञिक परिषदले गर्नेछ।

१२. **बचाउ**: यस सम्बन्धी यो निर्देशिका लागु हुनु अघि प्रचलित नियम तथा कार्यविधि बमोजिम विश्वविद्यालयबाट भएका काम कारवाही यसै निर्देशिका अनुरुप भए गरेको मानिनेछ।

| **प्रस्तावक** | **स्वीकृत गर्ने निकाय** |
| --- | --- |
| डीनको कार्यालय | प्राज्ञिक परिषद |
| शिक्षाशास्त्र संकाय, सुदूरपश्चिम विश्वविद्यालय | सुदूरपश्चिम विश्वविद्यालय |

कार्यान्वयन मिति: २०८२ पौष देखि

**अनुसूची - १**

**क्रेडिट गणना तथा रूपान्तरण विधि**

सामान्यतया पूर्व सिकाइबाट प्राप्त अनुभवलाई शैक्षिक क्रेडिटमा रूपान्तरण गर्दा देहायको सूत्र र प्रक्रिया अपनाइनेछ:

**१. सिकाइ घण्टाको आधार (Learning Hours Standard):**

- १ वर्षको पूर्णकालीन शिक्षण अनुभवलाई १८० कार्यदिन मानिनेछ।
- दैनिक ५ देखि ६ घण्टाको दरले कूल ९६० सिकाई घण्टा (Learning Hours) कायम गरिनेछ।
- तालिम वा कार्यशालाको हकमा प्रमाणपत्रमा उल्लेख भए बमोजिमको वास्तविक सम्पर्क घण्टा (Actual Contact Hours) गणना गरिनेछ।

**२. गुणस्तर समायोजन (Quality Adjustment):** प्राप्त भएको कूल घण्टालाई सम्बन्धित विषयको सान्दर्भिकता र गुणस्तरका आधारमा निश्चित प्रतिशत (Validity Percentage) ले समायोजन गरिनेछ।

**३. क्रेडिट रूपान्तरण सूत्र (Credit Conversion Formula):** सिकाई घण्टालाई क्रेडिटमा रूपान्तरण गर्न देहायको सूत्र प्रयोग गरिनेछ:

$$\text{Total Credit} = \frac{\text{Total Learning Hours} \times \text{Validity Percentage}}{\text{Hours per Credit}}$$

*(द्रष्टव्य: विश्वविद्यालयको नियम अनुसार १ क्रेडिट बराबर तोकिएको सिकाइ घण्टा १६ ले भाग गरिनेछ।)*

**Case Example: RPL Calculation**

## 1. Student details

- Education qualification: Diploma (TVET)
- Teaching experiences: 3 years (Pre/Diploma level )
- Training: 40 Hours (TVET Pedagogy Training)
- Targeted Program: B.Ed. (Total Credit = 120)

**2. Common Assumptions**

- 1 year of full-time teaching experience = 180 working days
- 5-6 hours daily
- Total = 960 learning hours per year

**3. Learning hours calculation formula:**

Total Learning Hours = 960 × Years of Experience

**4. Maximum RPL Credit:**

Total Programme Credit × 40% = 120 × 0.40 = 48 Credits (Maximum Limit)

5. **Credit Allocation Model**
   RPL Credit = (Portfolio Score + Test Score + Viva Score + Practical Score) × Weight Factor
6. **Final RPL Credit calculation formula:**
   RPL Credit = $\left(\frac{Final\ Assessment\ Score}{100}\right)$ × Maximum Allowable RPL Credits
   or
   RPL Credit = (Final Assessment Score ÷ 100) × (Level Cap × Total Programme Credit)
7. **Example Calculation**
   **Case:** Final Assessment Score = 66%
   Maximum Allowable Credit = 48
   66 ÷ 100 × 48 = 32 Credits
8. **Basic recognition (Details with example)**

- B.Ed. Total Credit = 120 Credits (8 Semesters)
- 1 Credit = 16 Learning Hours
- 1 year of full-time teaching = 180 working days
- Average 5-6 hours per day
- Learning Hours per year = 960 Hours
- Maximum RPL Cap = 40%
- Candidate Qualification = Diploma
- Teaching experience = 3 years
- Additional Training = TVET 40 Hours Training

**Step 1: Total Learning Hours calculation**

**Formula:**

Total Learning Hours = 960 × Years of Experience
960 × 3=2880 Hours

**+ Add training Hours.**
2880 + 40 = 2920 Hours
Total Learning Hours = 2920 Hours

**Step 2: Convert Learning Hours to Credits**

1 credit **=** 16 hours

**Formula:**

Equivalent Credit =Total Learning Hours ÷ 16
2920 ÷ 16 = 182.5 Credits
As per experience, Equivalent Credit = 182 Credits (Theoretical Equivalent)
But it cannot be given directly. Now the maximum cap applies.

**Step 3: Implementing Maximum RPL Cap**

Maximum 40% Cap

**Formula:** Maximum Allowable Credit = 120 × 0.40 = 48 Credits

**Step 4: Applying Assessment Score**

Suppose the overall RPL assessment (Portfolio + Test + Viva + Practical) = 66%

**Step 5 : RPL Assessment Scoring**

Suppose experience is evaluated in the following way:

| Component | Weight % | Score (%) |
|---|---|---|
| Portfolio | 30 | 70 |
| written | 30 | 60 |
| Viva | 20 | 60 |
| Practical | 20 | 75 |

**Now let's calculate the weighted :**

Portfolio = 70 × 0.30 = 21
Written = 60 × 0.30 = 18
Viva = 60 × 0.20 = 12
Practical = 75 × 0.20 = 15

Total Final Score: 21+18+12+15= 66

Final Assessment Score = **66%**

**Now the final formula is used:**

Final RPL Credit = (Assessment Score ÷ 100) × Maximum Allowable Credit
66 ÷ 100 × 48 = 31.68
Final RPL Credit = 32 Credits

**Step 6: Remaining credits to be studied.**

Remaining Credit = Total Programme Credit – RPL Credit 120−32 = 88 Credits

**The student still must study 88 credits.**

**9. Final Decision**

- Candidate eligible for B. TVTE admission
- Credit Recognition: 32 Credits
- Remaining credits to complete: 88

Credit is awarded based on a student's experience and training; however, the university cannot award more than 40% of the credit in this manner. The final credit will always be calculated by considering both the assessment score and the cap. Core courses, such as teaching practicums and internships, will not be completely exempt from this calculation.

अनुसूची २

## Calculation of Validity Percentage

Validity percentage is a measure of how closely the experience, training or semester claimed in RPL aligns with the curriculum, learning outcomes and level of the program.

- If an experience matches 100% of the curriculum → 100% validity
- If only half matches → 50% validity

This is often determined by content mapping and matching learning outcomes.

### How to calculate Validity Percentage

**Step 1: Compare Learning Outcomes**

- Taking Learning Outcomes for a subject or semester of the program
- Comparing the learning outcomes obtained from the applicant's experience/training.

**Step 2: Counting Matching Outcomes**

$$\text{Validity Percentage} = \frac{\text{Matched Learning Outcomes}}{\textit{Total}\ \text{Learning Outcomes}} \times 100$$

**3. Example**

- Suppose there are 8 learning outcomes in a semester.
- 6 outcomes clearly match the applicant's experiences

Validity Percentage = 68×100=75%

This means:

The said experience is valid up to 75%.

**4. Use in RPL credit calculation**

If the said semester is of 15 credits: Adjusted Credits = Semester Credits × Validity Percentage

15×0.75=11.25 credits

**5. Same method for Experience or Training**

If there are 40 hours of training and only 60% matches the curriculum:

Adjusted Hours = 40 × 0.60 = 24 hours

If 1 credit = 16 hour: Credits=24÷16=1.5 credits

अनुसूची ३

## Learning Outcome Mapping Table (sample)

**subject: (example, Psychology of Learner and Learning)**
**semester: first**
**Total Learning Outcomes: 8**

| SN | Learning Outcomes | Evidence of students (Experience/Training) | Matching level (Full/Partial/No) | Remarks |
|---|---|---|---|---|
| 1 | To explain the stages of child development. | 3 years of teaching experience at the pre-diploma/ diploma level | Full | Lesson plan evidence |
| 2 | To apply of Learning theories in the classroom | Teacher training certificate | Partial | Limited classroom proof |
| 3 | to use classroom management strategies | Teaching portfolio | Full | Observation verified |
| 4 | to use psychological testing | No evidence | No | -- |
| … | | | | |

**2. Validity Percentage Calculation**

**A. Outcome-Based Calculation**

if:

- Total Outcomes = 8
- Full Match = 5
- Partial Match = 2
- No Match = 1

Assuming Partial is 50%:

Matched Score = (5×1) + (2 × 0.5) = 5 + 1 = 6

**3. Rubric for Validity Level**

| Validity % | Interpretation | Credit award recommendation |
|---|---|---|
| 80-100 | Highly Equivalent | Full Credit |
| 60-79 | Substantially Equivalent | Full Credit |
| 40-59 | Moderately Equivalent | 50% Credit |
| Below 40% | Insufficient | No Credit |

**४. Credit Adjustment Formula**

If semester = 15 credits

Validity = 75%

Adjusted Credits = 15 × 0.75 = 11.25

**Total RPL Credits**

Total RPL Credits = Experience Credits + Training Credits + Semester Credits

This is the sum of all three contributions before applying the **program cap** (usually 40% of total program credits).

**Example (Inputs)**

- Experience = 3 years → 2880 hours
- Training = 40 hours
- NVQF Level = 4 → Factor = 0.5
- Semester 1 Credits = 15
- Validity = 60% → 0.6
- Program Cap = 40% of 120 = 48

**Step 1: Experience Credits**

2880 × 0.5 ÷ 16 × 0.6 = 54 → Capped at 48 (program 40% limit)

**Step 2: Training Credits**

40 × 0.5 ÷ 16 × 0.6 = 0.75

**Step 3: Semester Credits**

15 × 0.6 = 9

**Step 4:** Total before cap = 48 + 0.75 + 9 = 57.75

**Step 5:** Apply 40% program cap → Max 48 credits.

Final RPL Credits = 48

**Components Explanation by Formulas**

1. **Experience Credits:** $\frac{\text{Experience Hours} \times \text{NVQF Level}}{8 \times \text{Hours per Credit}} \times \text{Validity}$

2. **Training Credits:** $\frac{\text{Training Hours} \times \text{NVQF Level}}{8 \times \text{Hours per Credit}} \times \text{Validity \%}$

Like experience, but for short courses/training

3. **Semester Credits:** Semester Credits × Semester Validity %,

Semester Validity % = $\frac{\text{Learning outcomes \%} + \text{Content \%} + \text{Competency \%}}{3}$

Adjusts official semester credits by how much prior learning matches.

4. **Program Cap:** Ensures **Final RPL ≤ allowed % of total program credits** (e.g., 40%)

अनुसूची- ४

**1. RPL आवेदन तथा मूल्याङ्कन फारम (RPL Application and Evaluation Form)**

**A. निवेदकको विवरण (Applicant Personal Information)**

पुरा नाम / Full Name ............................................

जन्म मिति / Date of Birth .......................................

लिङ्ग / Sex .............................

नागरिकता / Citizenship No. : ........................

सम्पर्क नम्वर / Contact Number: ........................

ईमेल / Email : ...................................................

**कार्यक्रम रोल नं. / रजिष्ट्रेशन नं.: (B. TVTE Roll No. / Regd. No).:** ..................................

**B. Academic Background**

| **तह (Level)** | **योग्यता (Qualification)** | **बोर्ड (Board)** | **बर्ष (Year)** |
|---|---|---|---|
| Secondary | | | |
| Diploma | | | |
| Other (If any) | | | |

**C. पूर्व सिकाइको विस्तृत विवरण (Details of Prior Learning Form for Applicant)**

| क्र.सं. | पूर्व सिकाइको विधा/क्षेत्र (Category of Prior Learning) | संस्थाको नाम र ठेगाना (Name and Address of Institution) | अवधि (Period) | कूलसिकाइ घण्टा(Total Learning hrs) | संलग्न प्रमाणहरू (Evidence Attached) |
|---|---|---|---|---|---|
| १ | शिक्षण अनुभव (Teaching Experience) | | | | |
| २ | तालिम (Training) | | | | |
| ३ | कार्यशाला (Workshop) | | | | |
| ४ | अभ्यास (Professional Practice) | | | | |

Total Teaching Experience: .......... ……………………….Years

Justification: ......................................................................

**e. Declaration /घोषणा**

म घोषणा गर्दछु कि यहाँ पेश गरिएको जानकारी सही छ र म RPL मूल्याङ्कन प्रक्रियामा भाग लिन सहमत छु।
(I declare that the information provided is accurate and I agree to participate in the RPL assessment process.)

आवेदकको हस्ताक्षर (Signature): ................................ मिति (Date): .................

**2. मूल्याङ्कन विधिको छनौट/ Selection of Evaluation methods (समितिले तोक्ने):**

[ ] पोर्टफोलियो पुनरावलोकन (Portfolio Review)

[ ] कागजात प्रमाणीकरण (Document Verification)

[ ] लिखित परीक्षा (Written Test)

[ ] अन्तर्वार्ता (Interview/Viva)

[ ] शिक्षण अभ्यास प्रदर्शन (Practice Teaching )

[ ] प्रत्यक्ष अवलोकन र पेशागत छलफल (Direct Observation and Professional Discussion)

**दृष्टव्य: विवरण भर्दा ध्यान दिनुपर्ने निर्देशनहरू (Instructions for the Applicant):**

१. **शिक्षण अनुभवको गणना (Calculation of Teaching Experience) :** १ वर्षको पूर्णकालीन शिक्षण अनुभवलाई १८० कार्यदिन र दैनिक ५-६ घण्टाका दरले कूल ९६० सिकाइ घण्टा मानी गणना गर्नुपर्नेछ। (1 year of full-time teaching is considered as 180 working days. Based on 5–6 hours per day, a total of 960 learning hours per year should be calculated.)

२. **तालिम र कार्यशाला (**Training and Workshops)**:** प्रमाणपत्रमा स्पष्ट घण्टा उल्लेख भएको खण्डमा सोही बमोजिम र उल्लेख नभएको खण्डमा वास्तविक सम्पर्क समय लेख्नुपर्नेछ। (Training and Workshops: Provide the Actual Contact Hours as mentioned in the certificate. If not mentioned, calculate based on the actual hours spent in the session.

३. **प्रमाण मिलान (Verification of Evidence) :** प्रत्येक विवरणको पुष्टि हुने गरी आधिकारिक कागजातहरू (अनुभव पत्र, नियुक्ति पत्र, तालिमको प्रमाणपत्र आदि) अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ । Every claim must be supported by official documents (e.g., Appointment Letter, Experience Certificate, Training Certificate, etc.). Original documents must be presented during the verification process.

४. **सिकाइ उपलब्धि मिलान (Mapping to Learning Outcomes):** यो विवरण पेश गर्दा आफ्नो अनुभवले कुन शैक्षिक कोर्सको सिकाइ उपलब्धिलाई पुरा गर्छ भन्ने कुरामा स्पष्ट हुनुपर्नेछ। (Ensure that the prior learning listed above is relevant to the specific course/subject for which you are seeking credit.)

**अनुसूचीः ५**

**RPL मूल्याङ्कन समितिको निर्णय ढाँचा** RPL Evaluation Committee Decision Format

RPL मूल्याङ्कन समितिले आवेदकको कागजात र परीक्षणका आधारमा देहाय बमोजिमको क्रेडिट सिफारिस गर्दछ:The RPL Evaluation Committee recommends the following credits based on the applicant's documents and tests:

- **दाबी गरिएको विषय/क्षेत्र**(Subject/Area Claimed) **:** ......................................................
- **गणना गरिएको कूल सिकाइ घण्टा** (Total Learning Hours Calculated)**:** ..........................................
- **समायोजन गरिएको प्रतिशत (**Percentage Adjusted **(%):** ..........................................
- **प्रदान गरिएको कूल क्रेडिट** (Total Credits Awarded) **:** ....................................................
- **बाँकी पुरा गर्नुपर्ने क्रेडिट (**Remaining Credits to be Completed)**:** ...................................................

**मूल्याङ्कन समितिका पदाधिकारीहरूको हस्ताक्षर (**Signatures of Evaluation Committee Officials):

| | **Name** | **signature** |
|---|---|---|
| १. डीन/Dean (अध्यक्ष): | ................................... | ………………….. |
| २. प्राविधिक विषय विज्ञ/Technical Subject Expert (सदस्य): | ................................... | …………………….. |
| ३. शिक्षाशास्त्री/Educationist (सदस्य): | ................................... | ……………………. |
| ४. सदस्य सचिव/Member Secretary (कार्यक्रम संयोजक): | ................................... | ………………………… |

अनुसूची ६

**RPL Assessment Rubric** (For B.TVTE Admission / Credit Recognition)

1. **Portfolio Assessment (30%)**

| **Criteria** | **Excellent (4)** | **Good (3)** | **Basic (2)** | **Weak (1)** |
|---|---|---|---|---|
| Teaching Evidence | Clear and complete | Mostly clear | Limitation | Very weak |
| Lesson Planning | Outcome based | Adequate | Traditional | Poor |
| Reflection | Deep and clear | Some reflection | Minimal | None |

2. **Written Test (30%)**

| **Area** | **Marks** |
|---|---|
| Educational Psychology | 10 |
| Teaching Methods | 10 |
| Assessment and Classroom Management | 10 |

3. **Viva-Voce / Interview (20%)**

| **Indicator** | **Marks** |
|---|---|
| Teaching experience explanation | 10 |
| Problem-solving & communication | 10 |

4. **Practice Teaching / Demonstration (20%)**

| **Indicator** | **Marks** |
|---|---|
| Lesson delivery | 10 |
| Classroom handling & clarity | 10 |

**Decision Scale**

| Score (%) | Decision |
|---|---|
| **80-100** | |
| **60-79** | |
| **40-59** | |
| **Below 40** | |

अनुसूची ७

## Portfolio Checklist (Teaching Experience-Based)

**1. Mandatory Documents**

- RPL Application Form
- Citizenship Copy
- Academic Certificates
- Training certificate
- Experience Letter / Recommendation

**2. Teaching Evidence**

- Lesson Plans (at least 4)
- Teaching Diary / Logbook
- Teaching Materials (notes, PPT, charts)
- Student Assessment Samples

**3. Professional Development**

- Training / Workshop Certificates
- Seminar / Conference Participation
- Institution-based Activities

4. **Reflection**

- Teaching Philosophy ( short)
- Reflection on classroom challenges
- Learning from experience

**5. Optional / Supporting**

- Video / Photo of Teaching
- Supervisor/principal Feedback
- Awards / Recognition